नेपाल सरकार

# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

खुमलटार, ललितपुर

## उच्च शिक्षा अध्ययन शुल्क (छात्रबृत्ति) आवेदन सम्बन्धी सूचना

प्रकाशित मितिः २०७४/०९/०५

यस समितिको चालु आ.ब. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **मानविय क्षमता विकास (छात्रबृत्ति)** उपलब्ध गराउने कार्यको लागि समितिको स्वीकृत उच्च शिक्षा अध्ययन शुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७२ मा उल्लेख भए बमोजिम तपसिलमा उल्लेखित योग्यता र प्रकृया पुरा गरेका सरोकारवालाहरु बाट १५ (पन्ध्र) दिन भित्रमा समितिको सचिवालय खुमलटार, ललितपुरमा आवेदन दर्ताको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

(क) यस समितिमा कार्यरत कर्मचारीले सोझै समितिमा निवेदन दिनु पर्नेछ तथा समिति भन्दा बाहिर (साझेदार सरकारी निकाय) का कर्मचारीको हकमा आवेदकले अध्ययन गर्दा कार्यालय समय बाहेकको अवधिमा (बिहान/बेलुका) अध्ययन गर्ने र कार्यालयको काममा बाधा नपर्ने भन्ने व्यहोरा खुलेको सम्बन्धित मन्त्रालयको सिफारिस सहितको निवेदन दिनु पर्नेछ ।

(ख) एस.एल.सी भन्दा माथिका शैक्षिक प्रमाण पत्रहरु एवं लब्धाङ्क पत्रहरु, नेपाली नागरिकताको प्रमाण पत्र, निजामती सेवाको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपिहरुका साथै हाल पदाधिकार रहेको निकायबाट निजामती सेवाको पदमा बहाल रहेको सेवा अवधि तथा असाधारण विदा लिएको भए अवधि समेत प्रमाणित हुने कागजात समितिमा पेश गर्नुपर्नेछ ।

(ग) समितिबाट स्वीकृत बजेटको परिधिमा रहि समितिले तोकेको विश्वविद्यालय तथा विषयमा अध्ययन सुविधा उपलब्ध गराउन सक्ने सिट संख्या निर्धारण गरी कूल सिट संख्याको आधारमा आवेदन परेका समितिका सबै कर्मचारीलाई समितिको निर्णय अनुसार अध्ययन सुविधा उपलब्ध गराउने र बाँकी रहेका सिटहरुमा समितिका साझेदार सरकारी निकायहरुको सिफारिसमा समावेशी सिद्धान्त तथा सम्बन्धित मन्त्रालयको सिफारिस समेतको आधारमा समितिबाट मनोनयन गरी अध्ययन सुविधा उपलब्ध गराइने छ ।

(घ) आवेदन दिने कर्मचारीले आवेदन साथ दुई सय शब्दमा नबढ्ने गरी देहाय बमोजिमको व्यहोरा उल्लेख गरी सोच पत्र (Concept Paper) पेश गर्नु पर्नेछ ।

- निजामती सेवामा पुऱ्याएको उल्लेखनीय योगदान,
- अध्ययन गर्न खोजेको कारण,
- अध्ययनले पेशागत दक्षतामा पुऱ्याउने सहयोग ।

(ङ) यस समितिबाट अध्ययन शुल्क उपलब्ध गराइएका कर्मचारीहरुलाई उच्च शिक्षा अध्ययनको लागि अध्ययन बिदा स्वीकृत गर्न समिति बाध्यकारी हुने छैन ।

(च) आवेदकले अध्ययन गर्दा कार्यालय समय बाहेकको अवधिमा (बिहान/बेलुका) अध्ययन गर्नु पर्नेछ ।

(छ) कार्यरत पदबाट बढुवा हुन आवश्यक पर्ने एक तह माथिको न्युनतम शैक्षिक योग्यताको लागि मात्र सुविधा उपलब्ध गराइनेछ ।

(ज) कार्यविधिको अनुसूची-३ बमोजिमको आवेदन फारम यसै साथ संलग्न छ ।

(झ) छनौट सम्बन्धी अन्तिम अधिकार यस समितिको सचिवालयमा निहित रहने छ ।

**सम्पर्कका लागि:**

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको सचिवालय
खुमलटार, ललितपुर,
फोन ०१-५५३१३११, ०१-५५२६७७७
फ्याक्स ०१-५५३७५११
email: mail@chureboard.gov.np,
Website: www.chureboard.gov.np

२०७४/०९/०५
उप-सचिव
उप-सचिव (प्रा.)

अनुसूचि-३
# आवेदन फारम

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति
नेपाल सरकार
खुमलटार, ललितपुर

२०७४/३/२८
उप-सचिव
प्रशासन

आवेदन गरेको शैक्षिक कार्यक्रमः ............................................................................................................

कर्मचारीको नामः (देवनागरिक लिपिमा) .................................................. ........कर्मचारीको संकेत नंः ........................

कर्मचारीको नामः (अंग्रजीमा) ............................................................................................................

जन्म मितिः .............................. निजामती सेवामा प्रवेश मितिः ........................... रक्त समूहः ..............

लिङ्गः पुरुष [ ] महिला [ ]

विवाहित [ ] अविवाहित [ ]

बाबुको नामः ........................................................ आमाको नामः ............................................................

सम्पर्क टेलिफोन नंः ............................ मोबाइल नंः .................................. इमेलः..................................

स्थायी ठेगानाः ............................................................................................................

कार्यरत कार्यालयको नाम, ठेगाना, सम्पर्क नंः ............................................................................................................

............................................................................................................

हाल कार्यरत पदः .............................. श्रेणीः ......................... सेवाः ............. समूहः ..............................

शैक्षिक योग्यता (माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने)

| अध्ययनको तह | अध्ययन गरेको संस्था | उत्तीर्ण गरेको वर्ष | प्राप्तांक प्रतिशत | मूख्य बिषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

निजामती सेवामा अनुभवको विवरण

| सि.नं | कार्यालय | पद | बहाल रहेको मिति | | जिल्ला रहेको भौगोलिक वर्ग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सिफारिस गर्नेकोः

दस्तखतः

नाम थरः

पदः

मितिः

कार्यालयको नामः

अध्ययन गर्ने कर्मचारीकोः

दस्तखतः

नाम थरः

पदः

मितिः

कार्यालयको नामः